मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ६४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ ६ गते मंगलबार (Tuesday, 20 January. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## आज उम्मेदवारी मनोनयन

**झापा, माघ ५।** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले भिडियो सन्देशमा मंगलबार आज माघ ६ गते बिहान १० देखि साँझ ५ बजेसम्म उम्मेदवार मनोनयन दर्ता हुने बताएका छन् ।

माघ ६ गते जो-जो चुनिन चाहनुहुन्छ । उहाँहरूको मनोनयन-पत्र दाखिला गर्ने समय हो । बिहान १० देखि बिहान ५ बजेसम्म । त्यो प्रयोजनका लागि आयोगले गएराति १२ बजेबाट आचारसंहिता लागूभएको स्थिति हो- उनले भनेका छन् ।

(बाँकी अन्तिम पृष्ठमा)

## कांग्रेसले टुंग्यायो झापाका उम्मेदवार



**झापा, माघ ५।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि नेपाली कांग्रेसले झापाका उम्मेदवारको करिब टुंगो लगाएको छ ।

पार्टी स्रोतका अनुसार झापा क्षेत्र नं. १बाट केशव पाण्डे, क्षेत्र नं. २बाट सरिता प्रसाई र क्षेत्र नं. ५बाट अइन्द्रविक्रम नेम्बाङ, पदम पौडेल, सुरेश सुब्बामध्ये एकलाई उम्मेदवार बनाउने भएको छ । क्षेत्र नं. ४बाट देउकुमार थेवे उम्मेदवार बन्ने सहमति जुटेको छ ।

यसैगरी क्षेत्र नं ३बाट नवीन बिमली र राजेन्द्र घिमिरेमध्ये एक जनालाई उम्मेदवार बनाउने गरी अन्तिम गृहकार्य भइरहेको पार्टीका एक जना केन्द्रीय सदस्यले बताए । उनका अनुसार दुवै आकांक्षीबीच समन्वय र सन्तुलन मिलाएर एक जनाको नाम टुंग्याइने छ । उम्मेदवारहरुको नामावलीको मस्यौदा तयार भइसकेको र सोमवार साँझसम्म केन्द्रीय तहबाट औपचारिक रूपमा निर्णय गरिने ती केन्द्रीय सदस्यले जानकारी दिए ।

कांग्रेसले जिल्लामा बलियो संगठन र बिगतका निर्वाचन परिणामलाई आधार मानेर उम्मेदवार छनौट गरेको बताउँदै यसपटक झापामा पार्टीको जित सुनिश्चित गर्ने रणनीतिसहित अघि बढेको जनाएको छ ।

## जेन-जी आन्दोलनपछि ओली पहिलोपटक झापामा

# ‘झापा ५को फैसला जनताले गर्छन्’



**दमक, माघ ५।** नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली जेनजी आन्दोलनपछि स्थानहद फुकुवा भएर पहिलो पटक गृहजिल्ला झापा आइपुगेका छन् ।

करिब चार महिनापछि गृहजिल्लाआएका पूर्वप्रधानमन्त्री समेत रहेका ओलीलाई भद्रपुर विमानस्थलमा नेता तथा कार्यकर्ताहरूले स्वागत गरेका थिए । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मनोनयन-पत्र दर्ता गराउन एकदिन अघि नै ओली झापा आएका हुन् ।

यसैबीच झापाको दमकमा पत्रकारसँग कुराकानी गर्दै अध्यक्ष ओलीले जनताको फैसला सुन्न आफू चुनावी मैदानमा आएको बताए । उनले भने- ‘घर भत्काएर मात्रै देश बन्छ ? देश जलाउनेहरूबाट देश जोगाउन र देशको विकास गर्न म पुनः झापा ५मा उम्मेदवार भएर आएको छु ।’

एमाले पारदर्शी पार्टी भएकै कारण हल्लाखल्ला बढी भएको ओलीको भनाइ थियो । ‘अरूले के गर्छन् थाहा नै हुँदैन । हाम्रामा छलफल हुन्छ, तर्कबितर्क हुन्छ, अरूले थाहा पाउँछन् । त्यही भएर हल्लाखल्ला हुन्छ’- उनले भने । आसन्न निर्वाचनका लागि टिकट वितरण पनि पारदर्शी रूपमा गरिएको दाबी गर्दै ओलीले पार्टीले तौलिएर नै टिकट दिएको बताए । ‘पार्टीले तौलिएर नै टिकट बितरण गरेको छ । पार्टीले तौलिँदा तौल त पुग्नुपर्‍यो नि ! भात खाएर चार कोसा केरा खाएर जाँदा पनि भएन भने तौल पुगेन भन्ने सम्झनुपर्‍यो’- उनले भने- ‘लाखौं कार्यकर्ता भएको पार्टीमा एक-दुई जना अराजक हुनु ठूलो कुरा होइन ।’

केही स्थानमा अन्य पार्टीसँग तालमेल हुन सक्ने संकेत गर्दै

(बाँकी अन्तिम पृष्ठमा)

## सभामुख र उपसभामुख झापा २मा भिड्दै



**काठमाडौं, माघ ५।** विघटित प्रतिनिधिसभाका सभामुख र उपसभामुख एक आपसमा भिड्ने भएका छन् । प्रतिनिधि सभाको आगामी निर्वाचनमा उनीहरु एउटै क्षेत्रमा उम्मेदवार भएका हुन् ।

शनिबार नेकपा एमालेको सचिवालय बैठकले झापा क्षेत्र नम्बर २मा सभामुख देवराज घिमिरेलाई उम्मेदवार बनाउने निर्णय गरेको थियो । उनले २०७०को निर्वाचन पनि सोही क्षेत्रबाट जितेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टीको बैठकले उपसभामुख इन्दिरा रानालाई पनि झापा क्षेत्र नम्बर २ बाटै उम्मेदवार बनाउने निर्णय गरेको छ । २०७९को निर्वाचनमा उनी समानुपातिक सांसद थिइन् ।

## झापा ५मा ओली-बालेन आमने-सामने हुने निश्चित



**झापा, माघ ५।** झापा क्षेत्र नं. ५मा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) बीच प्रतिष्पर्धा हुने लगभग निश्चित भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रबि लामिछानेमार्फत बालेनले झापा ५को प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारको टिकट लिएका छन् । लामिछाने र बालेन दुवै पार्टीको सभाका लागि जनकपुर पुगेका बेला बालेनले टिकट लिएको पार्टी स्रोतले जनाएको छ । यससँगै झापा ५मा एमाले अध्यक्ष ओली र उदाउँदो शक्तिका रूपमा हेरिएको रास्वपाका बालेनबीच कडा टक्कर हुने संकेत देखिएको छ ।

## मेची पेट्रोलियममा नयाँ नेतृत्व



**बिर्तामोड, माघ ५।** मेची पेट्रोलियम डिलर्स एशोसिएशनको नयाँ नेतृत्व चयन भएको छ ।

बिर्तामोडमा सम्पन्न निर्वाचनबाट युवा व्यवसायी टीकाराम पिठाकोठे मगर अध्यक्षमा निर्वाचित भएका हुन् । उनी ३६ मतका साथ निर्वाचित भएका हुन् । उनका निकटतम् प्रतिनिधि भूपालराज कटुवालले ३५ मत प्राप्त गरेका थिए । संस्थाको वरिष्ठ उपाध्यक्षमा अमित सरिया, उपाध्यक्षमा मदनकुमार राई र महासचिवमा विनोद चापागाँई निर्विरोध निर्वाचित भएका छन् । सचिवमा ३६ मतका साथ दीपक गड्तौला निर्वाचित भए । उनका निकटतम् प्रतिस्पर्धी हरिप्रसाद घिमिरेले २४ मत प्राप्त गरेका थिए । कोषाध्यक्षमा उत्तमकुमार श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन् । सहकोषाध्यक्षमा ३२ मत प्राप्त गर्दै मोहनप्रसाद उप्रेती निर्वाचित

(बाँकी अन्तिम पृष्ठमा)

## लुटिएको इन्सास राइफलको गोली फेला

**झापा, माघ ५।** जेन-जी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय (इप्रका) दमकबाट लुटिएको इन्सास राइफलको गोली फेला परेको छ ।

दमक नगरपालिका-८स्थित अर्गानिक कृषि भवनको पूर्वपट्टि गेटछेउमा ढुंगाको चेपमा कालो प्लाष्टिकमा पोको पारेर लुकाइराखिएको अवस्थामा इन्सास राइफलका २१ राउण्ड गोली बरामद गरिएको हो । बरामद गरिएको गोली जेन-जी आन्दोलनका बेला इप्रका दमकबाट लुटिएको हतियारकै भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## नक्कली कागजात बनाउने गिरोहका पक्राउ

**झापा, माघ ६।** नक्कली कागजात बनाउँदै गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीका अनुसार जेन-जी आन्दोलनपछिको सुरक्षा सतर्कताकै बीच गोप्य सूचनाका आधारमा झापा जिल्लाको कचनकवल गाउँपालिका-२ बस्ने २७ वर्षीय मनि गन्धर्वलाई नियन्त्रणमा लिइएको हो ।

प्रहरी चौकी पथरियाबाट प्रहरी हवल्दार विष्णुमान लिम्बूको कमाण्डमा खटिएको टोलीले दमक नगरपालिका-२ स्थित सपना गाईनेको घरमा छापा मारेको थियो । गन्धर्वले भारतीय मूलका दुई जना नागरिकसँग सहकार्य गरी उनीहरूलाई नेपाल बोलाई सोही घरमा एक दिनका लागि कोठा भाडामा लिएको र स्थानीय व्यक्तिहरूलाई भेला गराई फोटो खिच्ने, आँखाको लेन्स र फिङ्गरप्रिन्ट लिने गरी भारतीय नक्कली कागजात तयार पारिरहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका गन्धर्वसँगै नक्कली कागजात बनाउन प्रयोग गरिएको सामग्री समेत बरामद गरिएको छ । बरामद सामग्रीमा एक थान ल्यापटप, एक थान प्रिन्टर, एक थान ल्यापटप क्यामेरा, चार्जर, मल्टीप्लग, कनेक्टर, एक थान कालो झोला, दुई थान नेपाली टोपी तथा केही भारतीय कागजात

(बाँकी अन्तिम पृष्ठमा)

## दुर्गा प्रसाई पोखराबाट पक्राउ

**झापा, माघ ५।** ‘राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाभियान, नेपाल’ का अध्यक्ष दुर्गा प्रसाई पक्राउ परेका छन् । मेडिकल व्यवसायी प्रसाई सोमबार पोखराबाट पक्राउ परेका हुन् ।

नेपाली कांग्रेसको विवादमा प्रसाईले निर्वाचन आयोगले करोडौं रुपैयाँ लिएर गगन थापा पक्षलाई आधिकारिकता दिएको आरोप लगाएका थिए । प्रसाईको यो अभिव्यक्तिपछि आयोगले प्रसाईबिरुद्ध प्रहरीमा उजुरी दिएको थियो । उनलाई काठमाडौं पठाउने तयारी भइरहेको जिल्ला प्रशासन कार्यालय कास्कीले जनाएको छ ।

राजावादी अभियन्ता प्रसाईले केही समयअघि विभिन्न माग राखी निर्वाचन बहिष्कार गर्ने चेतावनी दिँदै आएका थिए ।

(बाँकी अन्तिम पृष्ठमा)

## पाथीभरा एकेडेमीको विवाद सतहमा

# विद्यार्थीको भविष्यमाथि खेलवाड भएको आरोप

**झापा, माघ ५।** झापाको कनकाई-८ लक्ष्मीपुरस्थित पाथीभरा एकेडेमीको विवाद सतहमा आएको छ ।

जीर्ण भवन, आन्तरिक विवाद, प्रशासनिक अव्यवस्था र कानूनी अपारदर्शिताका कारण विद्यालयको भविष्य मात्र होइन, त्यहाँ अध्ययनरत् बिद्यार्थीहरूको सुरक्षा र शिक्षा प्रत्यक्ष रूपमा जोखिममा परेको खुलेको छ ।

आफूलाई विद्यालयका सञ्चालक तथा ५० प्रतिशत शेयरधनी दावी गर्दै रवि पोद्दारले सोमवार बिर्तामोडमा पत्रकार सम्मेलनको आयोजना गरी विद्यालय सञ्चालन तत्काल सुरक्षित नभएको स्पष्ट पारेका छन् । उनले जीर्ण भवनमा बिद्यालय चलाइरहनु बालबालिकाको जीवनसँग खेलवाड भएको भन्दै सम्भावित दुर्घटनाको जिम्मेवारी आफूले नलिने चेतावनीसमेत दिएका छन् ।





पोद्दारका अनुसार विद्यालय सञ्चालन भइरहेको भवन तथा जग्गा उनको निजी स्वामित्वमा भए पनि हाल भवन अत्यन्त जीर्ण अवस्थामा पुगेको छ । यो भवनमा विद्यालय सञ्चालन गर्दा कुनै पनि बेला गम्भीर दुर्घटना हुन सक्छ- उनले भनेका छन्- यदि कुनै अप्रिय घटना घटे त्यसको सम्पूर्ण नैतिक र कानूनी जिम्मेवारी सम्बन्धित निकाय र लापरवाही गर्ने पक्षले लिनुपर्छ, म एक्लैले लिन सक्दिनँ ।

पाथीभरा एकेडेमी २०६४ सालमा स्थापना भएको बताउँदै उनले भने- २०७५ सालमा म रवि पोद्दार र विनोद पोखरेलले खरिद गरी नयाँ व्यवस्थापनमा सञ्चालनमा ल्याएका थियौं । तर, पछिल्लो समय विद्यालय सञ्चालनको विषयमा हामी सञ्चालकबीच विवाद चुलिएको छ ।

पोद्दारले विवाद समाधानका लागि पटक-पटक संवाद, मौखिक ताकेता र लिखित निवेदन दिँदा पनि अर्का सञ्चालक पोखरेलबाट कुनै सकारात्मक पहल नभएको आरोप लगाएका छन् । यसकै कारण विद्यालयको शैक्षिक, प्रशासनिक र भौतिक व्यवस्थापन दिनप्रतिदिन अस्तव्यस्त बन्दै गएको उनको भनाइ छ ।

**लेखापरीक्षण छैन, कम्पनी पनि अद्यावधिक छैन**

पोद्दारद्वारा जारी विज्ञप्तिमा विगत केही वर्षदेखि विद्यालयको नियमित लेखापरीक्षण समेत भएको छैन । कम्पनी अद्यावधिक नगरिनु, विद्यालय व्यवस्थापन समिति तथा सञ्चालक समितिका बैठकहरू नबस्नु जस्ता गम्भीर कमजोरीले विद्यालयलाई जुनसुकै बेला बन्द हुने जोखिमपूर्ण अवस्थामा पुर्‍याएको पोद्दारको दावी छ ।

यस्तो अवस्थामा नयाँ भर्ना खुला राख्नु बालबालिकाको भविष्यसँग प्रत्यक्ष खेलवाड भएको भन्दै उनले कडा आपत्ति जनाएका छन् । पोद्दारले यो विषय कुनै निजी स्वार्थ वा व्यक्तिगत टकराव नभई बालबालिकाको शिक्षा र सुरक्षासँग प्रत्यक्ष जोडिएको गम्भीर सार्वजनिक सरोकारको विषय भएको बताएका छन् । बालबालिकाको शिक्षा, सुरक्षा र भविष्य जोखिममा पारेर कुनै पनि हालतमा विद्यालय सञ्चालन स्वीकार्य हुन सक्दैन- उनीद्वारा जारी बिज्ञप्तिमा उल्लेख छ ।

उनले बालबालिका सम्बन्धी ऐन-२०७५ र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ले प्रत्याभूत गरेको बालबालिकाको शिक्षा, सुरक्षा र अधिकारविपरीत भइरहेका बताए । उनले विद्यालयको अवस्थाबारे कनकाई नगरपालिका, शिक्षा शाखा, वडा नं. ८को कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई चन्द्रगढी र बिद्यालय सञ्चालक समितिलाई पटक-पटक लिखित जानकारी गराइसकिएको भए पनि हालसम्म प्रभावकारी सुनुवाइ नभएको बताएका छन् ।

उनले सरोकारवाला निकायसमक्ष चार बुँदे माग अघि सारेका छन् । उनले जारी गरेको विज्ञप्तिमा विद्यालय सञ्चालन भइरहेको भवनको तत्काल प्राविधिक परीक्षण गरियोस्, बिद्यालय सञ्चालन गर्न मिल्ने वा नमिल्ने विषयमा यथाशीघ्र स्पष्ट निर्णय होस्, घरबहाल, वित्तीय पारदर्शिता तथा विद्यालयको कानूनी हैसियतबारे स्पष्ट निर्देशन दिइयोस्, आवश्यक परे बालबालिकाको शैक्षिक भविष्य सुरक्षित हुने वैकल्पिक व्यवस्था तुरुन्त

(बाँकी अन्तिम पृष्ठमा)

BIRTAMODE EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org

भारतका प्रतिष्ठित अस्पतालबाट आउनुभएका विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा अब बिर्तामोडमै

डा. प्रशिद्ध ढकाल
MBBS, MD (PGI, Chandigarh), DM (AIIMS, New Delhi) Advanced Management of Diabetes (USA)
बरिष्ठ मधुमेह (सुगर), थाइरोइड, हर्मोन रोग विशेषज्ञ

डा. बबिता शर्मा
MBBS, MD (PGI, Chandigarh)
Ex-Scientist ICMR/AIIMS New Delhi
बरिष्ठ मानसिक रोग बिशेषज्ञ

डा. विधान न्यौपाने
Consultant Dermatologist
MBBS (T.U.), MD (K.U.)
छाला रोग विशेषज्ञ
दैनिक बिहान ९:०० बजेदेखि १०:०० बजेसम्म
दिउँसो ३:०० बजेदेखि ५:०० बजेसम्म

डा. रोहित पंजियार
MBBS, MD (PGI, Chandigarh)
बरिष्ठ छाला, कपाल, सौन्दर्य, यौन, कुष्ठरोग बिशेषज्ञ
महिनाको अन्तिम शुक्रबार र शनिबार

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४९११७४

# मनोनयन दर्तालाई मर्यादित बनाउन कांग्रेसको आग्रह



**विर्तामोड, माघ ५।** नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले निर्वाचन आचारसंहिता पालना गरेर उम्मेदवारको मनोनयन दर्ता एवम् चुनावी कार्यक्रमहरुमा सहभागी हुन कार्यकर्ता र शुभचिन्तकलाई आह्वान गरेका छन्।

निर्वाचन आयोगले मनोनयन दर्तालाई व्यवस्थित एवम् मर्यादित बनाउन नेपाली कांग्रेसलाई २ बजेको समय उपलब्ध गराएको जानकारी दिँदै सभापति थेवेले सो समयमा सम्बन्धित क्षेत्रमा स्थापना भएका निर्वाचन कार्यालयमा उपस्थित हुन कार्यकर्ता र शुभचिन्तकलाई आह्वान गरेका हुन्। निर्वाचन आयोगले माघ ६ गते प्रतिनिधिसभा निर्वाचनका लागि मनोनयन दर्ता कार्यक्रम तय गरेको छ।

नेपाली कांग्रेस झापाका पदाधिकारी एवम् क्षेत्रीय सभापतिहरुको संयुक्त बैठकमा बोल्दै सभापति थेवेले मुलुकमा लोकतान्त्रिक शासन पद्धति र राजनीतिक स्थायित्वका लागि रुख चुनावचिन्ह लिएर निर्वाचनमा होमिएका उम्मेदवारलाई एकजुट भई अत्यधिक बहुमतले जिताउन आम मतदातालाई अपिल गरेका छन्।

देशको संविधान र लोकतन्त्रको रक्षा, जनजीविका, बिकास र स्थिरतासहितको समुन्नतिको यात्रालाई सुनिश्चित गर्न नेपाली कांग्रेसको बिजय अपरिहार्य भएको बताउँदै सभापति थेवेले राष्ट्र जोगाउन, मेलमिलापसहितको सुदृढ समाजको सिर्जना गर्न सबै लोकतन्त्रवादी, देशभक्त नेपालीले सदभावसहितको सहयोग गर्नुहुने विश्वास ब्यक्त गरेका छन्।

निर्वाचन आयोगले विभिन्न चरणमा राजनीतिक दलका प्रतिनिधिहरुसँग गरेको छलफलका क्रममा भएका अन्तरसंवादहरुको चर्चा गर्दै उनले आचारसंहिताको पालना नगरे उम्मेदवारी खारेजसम्मको ब्यवस्था रहेको बताए। उम्मेदवारले चुनाव प्रचारप्रसारका क्रममा हुने खर्चमा मितव्ययिता अपनाउन अपिल गर्दै उनले सामाजिक सञ्जाल प्रयोग गर्दा सावधानी अपनाउन पनि आग्रह गरे।

निर्वाचन आयोगले यसपटक १५ दिनमात्रै चुनावी प्रचार-प्रसार गर्न पाइने व्यवस्था गरेको छ। जस अन्तर्गत माघ ६ गते उम्मेदवारको मनोनयन दर्तापछि माघ ९ गते आयोगले चुनाव चिन्ह प्रदान गर्ने कार्यतालिका छ।

फागुन २१ गते हुने निर्वाचनका लागि फागुन ४ गतेदेखि १७ गतेसम्म मात्रै चुनाव प्रचार गर्न पाइने निर्वाचन कार्यतालिका आयोगले यसअघि नै सार्वजनिक गरिसकेको छ।

## विद्यार्थीको ...

लागू गरियोस् भनेका छन्।

जसका लागि नगरपालिका सहितका सम्वन्धित निकायले सहयोग पुऱ्याउने अपेक्षा राखेको उनको भनाई छ।

उनले अभिभावक, बिद्यार्थी, नागरिक समाज र सम्बन्धित निकायलाई बालबालिकाको भविष्य सुरक्षित गर्न रचनात्मक सहयोग र तत्काल पहल गर्न आग्रह समेत गरेका छन्।

## दुर्गा ...

तर, माघ २ गते (बिहीबार) उनको समूह र सरकारबीच सहमति भएको थियो। सिंहदरबारमा दुवै पक्षले सम्झौता-पत्रमा हस्ताक्षर गरेसँगै महाभियानले आफ्ना सम्पूर्ण आन्दोलनका कार्यक्रमहरू तत्कालका लागि स्थगित गरेको थियो।

## आज ...

भण्डारीले अब कुनै पनि पूर्वनिर्धारित तालिका संशोधन गर्ने समय नरहेको बताएका छन्। अब कुनै पनि विषयवस्तुलाई पर सार्ने, संशोधन गर्ने, थप्ने घटाउने लगायत विषयवस्तु सकिसकेको हुनाले तोकिएकै समयमा चुनिन चाहने, दल, स्वतन्त्र उमेदवारहरूले आज बिहान १०देखि ५ बजेसम्म मनोनयन दाखिल गराउनुहुन्छ- उनले भने।

उनले मनोनयन-पत्र दाखिल गर्नुपर्ने तर, अहिले काठमाडौंमा नै रहेको उमेदवारको हकमा पनि आफ्नो प्रतिनिधिमार्फत समर्थक, प्रस्तावकमार्फत लगायत आफैं स्वयम् उपस्थित भएर मनोनयन-पत्र दाखिल गर्नसक्ने कानुनी व्यवस्था रहेको बताए। कोही चाहिँ आफ्नो निर्वाचन क्षेत्र पुगेर मनोनयन दाखिल गर्न सक्नुहुन्न कि भन्ने सन्दर्भलाई लिएर कार्यक्रममार्फत संशोधन हुन सक्दैन। तोकिएकै समयमा मनोनयन-पत्र दाखिल हुन्छ- उनले भने।।

## लुटिएको ...

घटनास्थलबाट बरामद सामग्री सुरक्षित राखी थप अनुसन्धान अघि बढाइएको र यसमा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजी कार्य तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

## मेची ...

भए। उनका निकटतम् प्रतिस्पर्धी सुरज गोयलले २८ मत प्राप्त गरेका थिए।

त्यस्तै सदस्यहरुमा खगेन्द्रबहादुर कार्की, गौरीप्रसाद भण्डारी, तारानाथ उप्रेती र भगीरथ रिजाल (माल्दाइ) निर्विरोध निर्वाचित भएको संस्थाका अध्यक्ष नवीन कोइरालाले जानकारी दिए। ६२ मतदाता रहेको संस्थामा ६० मत खसेको निर्वाचन समितिले जनाएको छ।

## नक्कली ...

रहेका छन्। घटनापछि इलाका प्रहरी कार्यालय (इप्रका) बनियानीबाट प्रहरी निरीक्षक दीपेन्द्र गौतमको कमाण्डमा थप टोली खटिएर बरामद सामग्री नियन्त्रणमा लिई पक्राउ परेका गन्धर्वलाई इप्रका बनियानी ल्याइएको प्रहरीले जनाएको छ।

यस घटनामा संलग्न दुई जना भारतीय नागरिक फरार रहेकाले उनीहरूको खोजतलास तथा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरीले जनाएको छ। उक्त स्थान प्रहरी चौकी पथरियाबाट करिब २.५ किलोमिटर पूर्वतर्फ पर्ने बताइएको छ।

# छुर्पी र मुसुरो दालको निर्यातमा बृद्धि

**झापा माघ ५।** पूर्वीनाका काँकरभिट्टाबाट चालू आर्थिक वर्षको पहिलो ६ महिनामा नेपालका रैथाने उत्पादनहरूको निर्यातमा उत्साहजनक वृद्धि देखिएको छ।

मुसुरो दालको निर्यातमा त अचम्म लाग्दो ४८१ प्रतिशतको वृद्धि भएको छ भने भेनियर सिटको निर्यात पनि दोब्बरले बढेको छ। कृषिजन्य उत्पादनहरू जस्तै अदुवा, सुठो, अम्लिसो र जडीबुटीको निर्यातले पनि राम्रो गति लिइरहेको छ।

निर्यातका केही क्षेत्रमा खुसीयाली छाए पनि चिया र प्लाइउडको व्यापारमा भने गिरावट आएको छ। विगतका वर्षहरूमा निकै माग रहेको नेपाली चियाको निर्यात यस वर्ष २६ प्रतिशतले घटेर २ अर्ब १७ करोडमा सीमित भएको छ। त्यस्तै, प्लाइउडको निर्यातमा पनि ४४ प्रतिशतको ठूलो गिरावट आएको भन्सारको तथ्याङ्कले देखाउँछ। प्लाइउडको व्यापार गत वर्ष झन्डै २ अर्ब पुगेकोमा यसपटक १ अर्ब ९ करोडमा झरेको छ। भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाँईका अनुसार अलैंची र छुर्पी जस्ता वस्तुको बढ्दो मागले निर्यात व्यापारमा सन्तुलन मिलाउन सहयोग पुगेको छ।

## झापा ५को ...

ओलीले कांग्रेससँग गठबन्धन हुन लागेको हो भन्ने पत्रकारको जिज्ञासामा भने- 'गठबन्धन भन्ने शब्दै ठीक भएन, यसलाई चुनावी तालमेल भन्नुस्। केही स्थानमा तालमेल हुनसक्छ।'

झापा ३मा राप्रपासँग तालमेल हुन्छ कि भन्ने प्रश्नमा भने उनले 'यस विषयमा नसोचिएको' प्रतिक्रिया दिए। ओलीले केहीले आत्तिएर आफूलाई भिलेन करार गर्न खोजेको दाबी पनि गरे। 'हामीले गरेको विकासबाट आत्तिएर केही मानिसहरू हामीलाई भिलेन करार गर्न लागेका छन्, यो सम्भव छैन'- उनले भने- 'केही भएन भनेर निराश बन्न हुँदैन। अहिले अकबरे खोर्सानी बेच्नेले पनि करोडौं कमाएको छ। सब्जी खेती गर्नेले मात्रै लाखौं कमाउँछ।' उनले थपे- 'अन्य देशमा चाहिँ सुनै सुन फल्छ? गर्न त पऱ्यो नि! हेर्नु त खेत बाँझै छ।'


# प्रेस विज्ञप्ति

मिति : २०८२/१० /०५

## पाथीभरा एकेडेमी झापाको सञ्चालन र सुरक्षाबारे ध्यानाकर्षण

पाथीभरा एकेडेमी, झापाको कनकाई नगरपालिका-८ स्थित लक्ष्मीपूरमा अवस्थित, २०६४ सालमा स्थापना भएको एक प्रतिष्ठित शैक्षिक संस्था हो। प्रारम्भमा साधारण व्यवस्थापनमा सञ्चालनमा आएको यस विद्यालयलाई २०७५ सालमा शिक्षामा दीर्घकालीन योगदान दिने उद्देश्यसहित म रवि पोद्दार र विनोद पोखरेलले खरिद गरी नयाँ व्यवस्थापनमा सञ्चालनमा ल्याएका हौं।

विद्यालयले सँधै गुणस्तरीय शिक्षा उपलब्ध गराउने पवित्र उद्देश्यलाई केन्द्रमा राख्दै सञ्चालनको यात्रा तय गर्दै आएको भएतापनि पछिल्लो समय व्यवस्थापन तथा भौतिक सुरक्षासाग सम्बन्धित विषयमा गम्भीर समस्या आएको तथ्य सार्वजनिक गर्नु पर्दा आफैंलाई नरमाइलो लागिरहेको छ। तयापि विद्यालयभित्र देखिएको आन्तरिक विवाद, प्रशासनिक अव्यवस्था र संरचनागत जोखिमका कारण बालबालिकाको शिक्षा, सुरक्षा र भविष्य प्रत्यक्ष रूपमा जोखिममा परेको महसुस गरी तत्काल सरोकारवाला निकायको ध्यानाकर्षण गराउन यो प्रेस विज्ञप्ति जारी गरिएको हो।

कनकाई नगरपालिका-८, लक्ष्मीपुरस्थित पाथीभरा एकेडेमी झापा प्रा.लि. का म, सञ्चालक रवि पोद्दार, विद्यालयको ५० प्रतिशत शेयरधनीको हैसियतले स्पष्ट शब्दमा भन्न चाहन्छु–बालबालिकाको शिक्षा, सुरक्षा र भविष्य जोखिममा पारेर कुनै पनि हालतमा विद्यालय सञ्चालन स्वीकार्य हुन सक्दैन।

विद्यालय सञ्चालनसम्बन्धी विषयमा अर्का सञ्चालक पोखरेलसँग उत्पन्न विवाद समाधानका लागि पटक-पटक संवाद, मौखिक ताकेता तथा लिखित निवेदन दिए पनि हालसम्म कुनै सकारात्मक पहल नभएको अवस्था गम्भीर चिन्ताको विषय बनेको छ। यसका कारण विद्यालयको शैक्षिक, प्रशासनिक र भौतिक व्यवस्थापन दिनप्रतिदिन अस्तव्यस्त बन्दै गएको छ, जसको प्रत्यक्ष असर विद्यार्थीको वर्तमान र भविष्यमा पर्न सक्ने स्पष्ट देखिएको छ।

विद्यालय सञ्चालन भइरहेको भवन तथा जग्गा मेरो निजी स्वामित्वमा रहेको छ। तर उक्त भवन हाल जीर्ण अवस्थामा पुगिसकेको हुँदा त्यहाँ विद्यालय सञ्चालन गर्दा भविष्यमा हुन सक्ने कुनै पनि दुर्घटनाको जिम्मेवारी म लिन सक्दिनँ। यदि कुनै अप्रिय घटना घटेमा त्यसको सम्पूर्ण नैतिक तथा कानूनी जिम्मेवारी सम्बन्धित निकाय र लापरवाही गर्ने पक्षले लिनुपर्ने कुरा सार्वजनिक रूपमा स्पष्ट पार्न चाहन्छु।

यसका साथै, विगत केही वर्षदेखि विद्यालयको नियमित लेखापरीक्षण नहुनु, कम्पनी अद्यावधिक नगरिनु, विद्यालय व्यवस्थापन समिति तथा सञ्चालक समितिका बैठकहरू नबस्नुजस्ता कारणले विद्यालय जुनसुकै बेला बन्द हुने जोखिमपूर्ण अवस्थामा पुगेको छ। यस्तो अनिश्चित र अव्यवस्थित परिस्थितिमा नयाा भर्ना खुला राख्नु भनेको बालबालिकाको भविष्यसँग प्रत्यक्ष खेलवाड गर्नु हो, जुन कदापि स्वीकार्य छैन।बालबालिका सम्बन्धी ऐन, २०७५ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले प्रत्याभूत गरेको बालबालिकाको शिक्षा, सुरक्षा र अधिकार विपरीत भइरहेका यस्ता गतिविधिप्रति सम्बन्धित निकाय मौन बसिरहनु दु:खद र चिन्ताजनक छ।

विद्यालयको अवस्थाबारे कनकाई नगरपालिकासहित सम्वन्धित निकायलाई यस अघि नै जानकारी गराई सकिएको छ। अवश्यपनि कनकाई नगरपालिका सहितका सम्वन्धित निकायले यस विषयमा चासो लिन्छ भन्नेमा म विश्वस्त छु। यस अघि कनकाई नगरपालिकासहितका सरोकारवाला निकायलाई जानकारी गराएको विषयलाई सारांशमा पुन: एकपटक स्मरण गराउन चाहन्छु।

- विद्यालय सञ्चालन भइरहेको भवनको तत्काल प्राविधिक परीक्षण गरियोस्।
- विद्यालय सञ्चालन गर्न मिल्ने वा नमिल्ने विषयमा यथाशीघ्र स्पष्ट निर्णय होस्।
- घरबहाल, वित्तीय पारदर्शिता तथा विद्यालयको कानूनी हैसियतबारे स्पष्ट निर्देशन दिइयोस्।
- आवश्यक परे बालबालिकाको शैक्षिक भविष्य सुरक्षित हुने वैकल्पिक व्यवस्था तुरुन्त लागू गरियोस्।

यदि यथाशीघ्र जिम्मेवार निर्णय र आवश्यक कारबाही नभएमा, त्यसबाट उत्पन्न हुने कुनै पनि शैक्षिक, भौतिक वा कानूनी परिणामको सम्पूर्ण जिम्मेवारी म एक्लैले लिन नसक्ने कुरा सार्वजनिक रूपमा स्पष्ट गर्दछु।

म सबै अभिभावक, विद्यार्थी तथा समुदायलाई यो विषय कुनै व्यक्तिगत विवाद नभई बालबालिकाको शिक्षा र सुरक्षासँग प्रत्यक्ष जोडिएको गम्भीर सार्वजनिक सरोकारको विषय भएको बुझ्न आग्रह गर्दछु। शिक्षा क्षेत्रमा राजनीति, लापरवाही वा उदासीनता कुनै पनि हालतमा सहृय हुन सक्दैन।

विद्यालयमा देखिएको यस विवादका विषयमा मैले पटक-पटक स्थानीय सरकार कनकाई नगरपालिका, शिक्षा शाखा, वडा नं. ८ को कार्यालय, पाथीभरा एकेडेमी झापा प्रा.लि.को सञ्चालक समिति तथा शिक्षा विकास तथा समन्वय इकाई चन्द्रगढी, झापालाई लिखित रूपमा जानकारी गराइसकेको छु। तर, अपेक्षित सुनुवाइ नभएपछि बाध्य भएर पत्रकार महानुभावहरूमार्फत यो विषय सार्वजनिक गर्नुपरेको हो। विद्यार्थीहरूको भविष्य सुनिश्चितताका लागि यहाँहरूबाट सकारात्मक सुझाव र पहल हुने विश्वास लिएको छु।

अन्त्यमा आम शिक्षाप्रेमी, नागरिक समाजका अगुवा, सम्वन्धित सरोकारवाला निकाय, अभिभावकज्यूहरुलाई बालबालिकाको भविष्य सुनिश्चित गर्न रचनात्मक सहयोग पुऱ्याइदिन हुन नम्र निवेदन गर्दछु।

**रवि पोद्दार: सञ्चालक**

**पाथीभरा एकेडेमी झापा प्रा.लि., कनकाई न.पा.-८, लक्ष्मीपुर, झापा**



# तपसिलमा उल्लेखित ऋणीको धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पन्ध्र) १५ दिने गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मितिः २०८२११०१०६**

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्वारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखी/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमबाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ। यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले १५ औं दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको १६औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे केन्द्रीय कार्यालय, कर्जा असुली विभाग बिर्तामोडमा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ। तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। कथम्कदाचित सो धितोबाट कर्जा असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बांकी रहेको कर्जा रकम ऋणी तथा कर्जा लिंदाका बखत ब्यक्तिगत जमानी दिने व्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ। साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफ्नो अनुकूलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

| | |
|---|---|
| **शाखा कार्यालय** : दुधे | **कर्जाको प्रकार** : घर कर्जा, व्यक्तिगत आवधिक कर्जा र डिमाण्ड कर्जा |
| **ऋणी/धितो जमानतकर्ता/व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तीनपुस्ते बिवरण** | |
| **ऋणी** : अविध्वोज वेघाको नाती, सार्क सिंह बेघाको छोरा, नागरिकता बमोजिम झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ८ स्थायी ठेगाना भै हाल झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ९ बस्ने मितिः २०४३/०२/१२ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ३२६१/१७८ पाँचथर भएको बर्ष ६५ को **जगत सिंह लिम्बु**। | |
| **धितो सुरक्षणको विवरण** : जगत सिंह वेघाको नाममा मा.पो.का. दमकमा, दर्ता कायम रहेको झापा जिल्ला शिवगञ्ज गा.वि.स. वडा नं. ७ स्थित कि.नं. २९१० र ३७३७ को क्षेत्रफल क्रमशः ०-०-१० र ०-०-१० (बि.क.धु) जग्गा र उल्लेखित जग्गामा बनेको घर र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | |
| **व्यक्तिगत जमानतकर्ता**<br>नाम : सिता मायाँ बेघा<br>बाबू : भिम बहादूर थेवे<br>पतिः जगत सिंह वेघा<br>ना.प्र.नं : १२११ (जारी मिति र जिल्ला : २०४४/११/०८ पाँचथर )<br>ठेगाना : पांचथर जिल्ला च्याङथापू गाउँ पञ्चायत वडा नं. २,<br>स्थायी ठेगाना भई हाल झापा जिल्ला शिवसताक्षी न.पा वडा नं ९ बस्ने। | **व्यक्तिगत जमानतकर्ता**<br>नाम : गिताञ्जली थापा<br>बाबू : कमल थापा<br>पतिः प्रताप बेघा<br>ना.प्र.नं : ८२३११३४१, (जारी मिति र जिल्ला : २०५९/०३/३२,झापा)<br>ठेगाना : झापा जिल्ला शनिश्चरे गा.बि.स. वडा नं २, स्थायी ठेगाना भई<br>हाल झापा जिल्ला शिवसतासी न.पा वडा नं ९ बस्ने। |

**शर्तहरुः**

१) बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।
२) बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ साथै लिन चाहेको सो सम्पत्तिको मूल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ।
३) बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पनेछ।
४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
५) बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत (१०%) ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैंकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque)अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
६) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ।
७) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नामंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
८) बोलपत्र दाखिल भइसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन।
९) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१०) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।
११) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ।

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd.

**कर्जा असुली विभाग**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्र बिन्ती गरुन् झुकेर पाउमा त्यो बिन्ती मान्दैन त्यो।

# भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. १९९८ असार ०१ गते

**स्व:गणेश प्रसाद खनाल**

निधन: वि.सं. २०८२ पौष २४ गते

यस एक्सेल डेभलपमेन्ट बैंक लि. का अनन्य शुभचिन्तक बुध खनालका पति तथा अनन्य शुभेच्छुक दिपक खनाल, यस बैंकका सञ्चालक तथा गोमेन्द्र एजुकेशनल फाउण्डेशन प्रा.लि.का सञ्चालक/कलेज प्रमुख डा. रुपक प्रसाद खनाल र हाम्रा अनन्य शुभचिन्तक गोमेन्द्र विर्ता मोडल माध्यमिक विद्यालयका निर्देशक उत्तम खनालका पिता यस बैंकका पूर्व सञ्चालक, शिक्षासेवी तथा गोमेन्द्र शिक्षण संस्थाका संस्थापक आदरणिय गणेश प्रसाद खनालको मिति २०८२।०९।२४ गते विहिवारका दिन असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको लागि भगवानसंग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण सहित वहाँको बैकुण्ठबासको कामना गर्दछौ साथै यस दु:खद घडीमा सम्पूर्ण परिवारजनमा धैर्यधारण गर्ने शक्तिको लागि श्री पशुपतिनाथ संग प्रार्थना गर्दै गहिरो समवेदना व्यक्त गर्दछौं।

**डा. ईन्द्रकुमार कट्टेल**
प्रमुख कार्यकारी अधिकृत

एवम्

**एक्सेल डेभलपमेन्ट बैंक लि. परिवार**

**महेन्द्र कुमार गोयल**
अध्यक्ष
सञ्चालक समिति

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्यूटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# जिम्मेवार भूमिकाको खाँचो


**प्रतिनिधिसभाको निर्वाचन नजिक आएसँगै निर्वाचन आयोगले निर्वाचनको तयारी नब्बे प्रतिशत पूरा भइसकेको जनाएको छ । निर्वाचन कार्यतालिका अनुसार सबै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भइसकेका छन् भने आज प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गर्दैछन् । उम्मेदवारी मनोनयनका काम सम्पन्न भइसकेपछि निर्वाचन आयोगले मतपत्रको डिजाइन स्वीकृत गराएर छपाइ कार्य शुरु गर्ने जनाएको छ । यसअघि राष्ट्रिय सभामा रिक्त रहेको अठाह्र जना सदस्यका लागि परेका उम्मेदवारीमा यही माघ ११ गते निर्वाचन हुने कार्यतालिका रहेको छ । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन कार्यतालिका अनुसार काम नियमित रुप भइरहेको बताएका छन् ।**

**आसन्न निर्वाचनको तयारीमा आयोगसँगै राजनीतकि दलहरु पनि जुटेका छन् । कार्यतालिका अनुसार माघ ४ गते राति बाह्र बजेदेखि आचारसंहिता लागू भइसकेको छ । निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र धाँधलीरहीत बनाउनु सरकारको प्रमुख कर्तव्य हो भने राजनीतकि दल, नागरिक समाजको पनि भूमिका रहन्छ । त्यसबाहेक निर्वाचनलाई भयरहीत बनाउन सुरक्षा संयन्त्रको भूमिका प्रमुख रहन्छ । त्यसका लागि सरकार अझ गृहमन्त्रालयले बढी सक्रियता र जिम्मेवारी निर्वाह गर्नुपर्छ । जेन–जी बिद्रोहपछि सुरक्षा अवस्था बलियो हुँदै गएको सन्दर्भले राजनीतिक दलहरु आन्तरिक तयारीमा जुटेका छन् ।**

**झापामा पनि निर्वाचनको तयारी तीव्र पारिएको सरोकारवालाबीच भएको छलफलमा जानकारी दिइएको हो । जिल्ला प्रशासन कार्यालयमा उम्मेदवारी मनोनयन दर्ता तथा आचारसंहिताको बारेमा आइतबार जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा झापाका पाँचवटै निर्वाचन क्षेत्रमा पालैपालो मनोनयन दर्ता गर्ने सहमति भएको छ । झापाका मुख्य निर्वाचन अधिकृत उमेशप्रसाद लुइँटेलको अध्यक्षतामा भएको छलफलमा राजनीतिक दल, सुरक्षा निकायका प्रमुखहरु, सञ्चारकर्मी तथा सरोकारवालाहरुको सहभागिता थियो ।**

**देश अब निर्वाचनको मुखमा छ । निर्वाचनले नै स्थिर शासन व्यवस्थाको निर्धारण गर्छ । प्रजातन्त्रको सौन्दर्य पनि निर्वाचन नै हो । तर, त्यसका लागि निर्वाचन निष्पक्ष र भयरहीत वातावरणमा सम्पन्न हुनुपर्छ । यसो हुन सबै सरोकारवालाको भूमिका स्पष्ट र जिम्मेवार हुनुपर्छ । सरकारी संयन्त्रको दुरुपयोग पैसाको प्रभाव, भ्रामक प्रचार, शक्तिको दम्भ र प्रदर्शनले निर्वाचन दूषित बन्छ । त्यसलाई रोक्न आयोग कठोर हुनुपर्छ र दलहरुमा पनि संयम हुनुपर्छ, निर्वाचन औपचारिकता, सामान्य प्रक्रिया मात्र होइन जनताको विश्वासको परीक्षा पनि हो । त्यसैले सबै दलले आचारसंहिताको पालना गर्दै सबैको सहकार्यमा निर्वाचनलाई देश र जनताको भविष्य निर्माणको आधार तयार गर्नुपर्छ ।**

# सामाजिक सञ्जाल र निर्वाचन



मोहन नेपाल



कागजी पर्चा, पम्प्लेट, पोस्टर र भित्ते लेखनको जमाना गयो । अहिले सामाजिक सञ्जालका चौतारी नै गरमागरम हुने गरेका छन् । जेनजी विद्रोह पनि सामाजिक सञ्जालको जगमा उभिएरै भयो । सत्ताको सीमित वृत्तभित्र मात्र होइन नेपाली सामाजिक मनोविज्ञानमा समेत जरा गाढेको कुशासन र दण्डहीनताको संस्कृतिबिरुद्ध नव युवा पुस्ताले विद्रोह गरेपछि उत्पन्न सङ्कट झेल्ने क्रममा घोषित निर्वाचनले एउटा शान्तिपूर्ण निकास दिन्छ भन्ने विश्वास अधिकांश नेपालीले लिएका छन् ।

यस सन्दर्भमा, चुनावी प्रचारका लागि सामाजिक सञ्जाल व्यापक रूपमा प्रयोग भइरहेको देख्न सकिन्छ । हजुरबा-आमाको पुस्ताले आफ्ना पालाका सञ्चार माध्यमको प्रयोग गरे भने नातिपनाति पुस्ताले सामाजिक सञ्जालको धेरै हदसम्म प्रयोग गरिरहेछन् । रासन वा अन्य आवश्यकता कटौती गरेर भए पनि सामान्यतः मानिस इन्टरनेट प्रयोग गरिरहेका छन् । ह्यास्ट्यागले मतपेटिकासँग समेत नाता जोड्छ भन्ने नेपालमा पनि देखिँदैछ । हाल फागुन २१ मा हुने निर्वाचनलाई लिएर पनि सामाजिक सञ्जाल तात्तिरहेको देखिन्छ ।

राजनीतिक निर्णय प्रक्रियाको तहसम्म जनताको वस्तुगत गुनासो पुर्‍याउन केन्द्रीकृत रिपोर्टिङ वा पार्टी सर्कलको रिपोर्टिङ कदापि पर्याप्त नभएको छर्लङ्ग भइसकेको छ । जनताका विविध गुनासा, पीडा, अनुभव र आवेग सामाजिक सञ्जालमा कच्चापदार्थ जस्तै छरपस्ट रूपमा तौरिने गरेका छन् । नेता र विश्लेषकलाई जमिनमै पुगेर सबै सर्वेक्षण गर्न सम्भव हुँदैन । धरातलीय यथार्थ भोगेका पीडित वर्गले समेत सामाजिक सञ्जालका चौतारीमा प्रदर्शन गरेका विविध समस्याका फेहरिस्तबाट नेतृत्व तहले पनि वस्तुनिष्ठ रूपमा मूल्याङ्कन गर्ने र आफ्नो राजनीतिक यात्रा तय गर्न सक्छन् । आफ्ना पक्षका रिपोर्टिङ मात्रै सही नहुँदोरहेछ भन्ने अहिलेसम्मका परिणामले नदेखाएका होइनन् । सामाजिक सञ्जालमा तौरिरहेका सबै कच्चापदार्थ टपक्कै टिपेर उपयोग गर्न मिल्ने खालका हुँदैनन् ।

अर्थात् जसरी बस्तीमा भौतिक रूपमा फोहोरमैलाको डङ्गुर देख्न सकिन्छ, त्यसरी नै सामाजिक सञ्जालमा पनि फोहोरमैलाको चाङ देखिँदा अचम्मित हुनु पर्दैन किनकि समाजको प्रतिविम्ब सामाजिक सञ्जालमा पनि हुन्छ नै । सामाजिक सञ्जालको विवेकपूर्ण प्रयोगले समाजलाई हुने हानीलाई न्यूनीकरण गर्दै सामुहिक हितमा प्रयोग गर्न सकिन्छ । आउँदो चुनावलाई स्वतन्त्र र प्रभावकारी रूपमा सम्पन्न गर्न विशेषतः पक्षधरता नअपनाउने मिडिया वृत्त र नागरिक समाजको वृत्तले पर्याप्त योगदान दिन सक्छन् यस सम्बन्धमा सामाजिक सञ्जाल झन् विशेष महत्त्वका हुन्छन् ।

जेन-जी पुस्ताले पनि विद्रोह ओकल्न उपयोग गरेको डिजिटल प्लेटफर्मलाई असल मन, वचन र कर्मको निर्माणतर्फ परिचालन गर्नु अति महत्त्वपूर्ण हुन्छ । किनभने हामीले राम्रा नतिजा खोजेका हौँ । त्यसका निम्ति हाम्रा मानसिक कर्म, सञ्चार कर्म र भौतिक कर्म पनि असल हुनु आवश्यक हुन्छ, जसका लागि सामाजिक सञ्जालको सदुपयोग अति जरुरी छ । विध्वंसात्मक प्रयोजनका निम्ति पनि सामाजिक सञ्जालको दुरुपयोग हुन सक्ने सम्भावना हुन्छ, यद्यपि सचेत प्रयोगकर्ताको सामुहिक प्रयासबाट त्यस्तो कुचेष्टालाई नियन्त्रण गर्न सकिन्छ ।

वस्तुतः छर्लङ्ग भइसकेको छ कि समकालीन नेपाली समाजमा सामाजिक सञ्जाल अब पटक्कै गौण विषय होइन । पार्टीपंक्तिले आ-आफ्नो पार्टीलाई प्रवर्द्धन गर्ने प्रयोजनका निम्ति हाल व्यापक रूपमा सामाजिक सञ्जालको प्रयोग गरिरहेका छन् । विगतमा चुनावी प्रचारमा अज्ञात धनराशि खर्च हुने गर्थ्यो । अहिले आर्थिक रूपले कमजोर उम्मेदवारले पनि आफ्नो सूचना प्रविधिको ज्ञान र सिपको उपयोग गरेर वा सहयोगी टिमको सहायताले सामाजिक सञ्जालका प्लेटफर्म मार्फत आफ्नो चुनावी माहोल तताउन सक्ने स्थिति विद्यमान छ ।

अब उम्मेदवार बन्न सीमित साधनस्रोतबाट पनि सम्भव छ र सामाजिक सञ्जाल मार्फत यथाशाक्य बढी मतदाता समक्ष आफ्नो विचार र एजेन्डा पेस गर्न सकिन्छ । स्रोतको अपर्याप्तता भएका तर इमानदारी र विश्वसनीयता भएका ऊर्जावान् उम्मेदवार डिजिटल मार्गको प्रयोग गरी सिँधै जनतासामु उपस्थित हुने अपेक्षाकृत सहज स्थिति बनिरहेको छ । जनताले पनि नेताको सम्बोधन सुन्न कार्यक्रम स्थलमै जानु नपर्ने स्थिति बनेको छ । सामाजिक सञ्जालमार्फत नै नेताको सम्बोधन सुन्न र हेर्न पाउने स्थिति बनेको छ ।

कसका भाषणमा के तुक छ भनेर सामाजिक सञ्जाल प्रयोग गर्ने मतदाताले छानी-छानी हेर्न सुन्न पाउँछन् । मतदाताका निम्ति भाषणभन्दा सत्य सूचना र विश्वसनीयताका आधार ज्यादै महत्त्वपूर्ण हुन्छन् । नेताले विभिन्न समयमा बोलेका विरोधाभासपूर्ण कुराले सामाजिक सञ्जालका प्रयोगकर्ताको बढी ध्यान आकर्षित गर्ने गरेको पाइन्छ । दर्शिएको विरोधाभासको तुलनामा नेताले गर्ने खण्डन कमजोर सावित हुने गरेको छ । त्यसैले नेताले पनि विचार पुर्‍याएर, तौली-तौली आफ्नो भनाइ राख्नुपर्ने हुन्छ ।

उम्मेदवारले युट्युव, टिकटक, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालका प्लेटफर्म मार्फत आफ्ना सन्दर्भमा उठेका विविध असहज प्रश्नको प्रत्योत्तरमा मतदाता समक्ष प्रत्यक्ष स्पष्टीकरण दिनुपर्ने बाध्यता पनि छ । विगतका अभिलेख समेत सामाजिक सञ्जालमा छ्याप-छ्याप्ती आउने हुँदा कुनै पनि उम्मेदवारले लोकप्रिय मात्र भएर पुग्दैन, खलखली पसिना निकालेर प्रश्नको उत्तर समेत दिन तयार हुनुपर्ने स्थिति छ । निर्वाचनताका सम्प्रेषण गरिएका वाचा पनि मतदाताले स्मरणको लागि सङ्कलन गरेर राख्न सक्ने हुँदा नक्कली भाषणले मात्र काम दिने अवस्था छैन । यसप्रकार निर्वाचनसँग सामाजिक सञ्जालको नजिकको साइनो रहन्छ भन्ने प्रस्ट हुन्छ ।

राजनीतिकर्मी भ्रष्टाचारबिरुद्ध साँच्चै उभिने हो भने उनीहरूले सामाजिक सञ्जालको दुरुपयोग गरेर झुटलाई सत्य सावित गर्ने निरर्थक प्रयास गर्नुहुन्न, उनीहरूले आफ्नै इमानदारी र राजनीतिक प्रतिबद्धता वस्तुसङ्गत ढङ्गले प्रमाणित गर्ने थलो सामाजिक सञ्जाललाई बनाउनु बुद्धिमानी ठहर्ने छ ।

सामाजिक सञ्जालको सदुपयोग गरेर जुन दलले जेन-जी पुस्तालाई नेपाली समाजको राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक विश्लेषण मार्फत सही प्रशिक्षण दिन्छ, त्यही दलको वैचारिक, सैद्धान्तिक र दीर्घकालीन औचित्य सावित हुनेछ । आवश्यकता बमोजिम सामाजिक सञ्जाललाई राजनीतिक साक्षरताको माध्यम समेत बनाइनु उचित हुन्छ । नीति, नैतिक आचरण र एजेन्डाको बहसबाट नेपाली समाजलाई टाढै राखेर केवल गालीगलौज र छोटो समयको लागि भाइरल बन्ने उद्देश्यले मात्र गरिने फोस्रो प्रचार र विज्ञापनले अन्ततः नेपाली समाजलाई झन् बढी निराश बनाउने हुँदा सबै राजनीतिक शक्ति यसबारे सजग बन्नु आवश्यक छ ।

मुख्यतः भ्रष्टाचार के हो ? समाजमा यसको प्रकोप कसरी फैलिन्छ र यसलाई नियन्त्रण गर्ने नीति, विधि र प्रणाली कस्तो हुनु पर्छ भन्ने सम्बन्धमा सामाजिक सञ्जालमा जेनजी पुस्ताले मात्र होइन सबै पक्षले निर्वाचनको सिलसिलामा सक्रिय बहस चलाएको देखिँदैन । चम्किएका मिडियाले समेत जेन-जी विद्रोहपछि भ्रष्टाचारका सम्बन्धमा पर्याप्त बहस सञ्चालन गरेको देखिँदैन । जब जेन-जी विद्रोह नै मूलतः भ्रष्टाचारबिरुद्ध भएको थियो भने जेन-जीले त झन् बढी मात्रामा भ्रष्टाचार नियन्त्रण गर्ने ध्येयमै केन्द्रित निर्वाचन सम्बन्धी बहस छेड्नुपर्ने होइन र ?

जेन-जीको स्वभाव अनुसार उनीहरूलाई मोटो वा भाववाचक प्रचारमा अल्झाउनु उपयुक्त हुँदैन । दीर्घकालीन दृष्टिकोणमा आधारित नैतिक नागरिक शिक्षा, संस्थागत रूपान्तरण, ठेक्कापट्टा र खरिद प्रक्रियामा हुने घोटाला, बजेटको दुरुपयोग र स्वार्थको द्वन्द्व जस्ता मुद्दाबारे सामाजिक सञ्जालका प्लेटफर्म मार्फत जेन-जीका उत्प्रेरक तथा अगुवा पङ्क्तिले ठोस, सरल र छोटो मिठो भाषामा बुझाउने कसरत गर्नु श्रेयष्कर देखिन्छ ।

सामाजिक सञ्जाल बहुसंख्यक जनताले प्रयोग गर्ने मिडिया हो । निर्वाचन लगायत अन्य सार्वजनिक विषयमा सामग्री सम्प्रेषण गर्दा सबै प्रयोगकर्ताले जिम्मेवारीबोध गर्न सक्नु पर्छ । झन् सामाजिक सञ्जालका इन्फ्लुयन्सर र प्लेटफर्मले त सामाजिक उत्तरदायित्वको सिद्धान्तलाई अनिवार्य पालना गर्नुपर्छ । सामाजिक सञ्जाललाई सनसनी बेचेर पैसा कमाउने थलो मात्र बनाउनु समाजका लागि हानिकारक हुन्छ । निर्वाचनकै अभिन्न अङ्गको रूपमा यसको नैतिक प्रयोगमा जोड दिँदै सुशासनको पक्षमा नागरिक शिक्षा प्रदान गर्नु अहिलेको आवश्यकता हो । सार्वजनिक क्षेत्रको पारदर्शिता, जवाफदेहिता र प्रभावकारी कार्यसम्पादनका मुद्दालाई निर्वाचनसँग गाँसेर सञ्जालमा फराकिलो ठाउँ दिनु वाञ्छनीय छ । *गोप*

## गायत्री मन्दिरमा दुई लाखभन्दा बढी भक्तजनद्वारा दर्शन



**झापा, माघ ५ ।** पूर्वी नेपालको आस्थाको नयाँ केन्द्रका रूपमा स्थापित बिर्तामोडस्थित गायत्री माताको मन्दिर सञ्चालनको पहिलो वर्षमै दुई लाखभन्दा बढी भक्तजनले दर्शन गरेका छन् ।

अर्जुनधारा जलेश्वर धामपछि पूर्वी नेपालमा सबैभन्दा धेरै श्रद्धालु आउने धार्मिक स्थलका रूपमा गायत्री मन्दिर स्थापित हुँदै गएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ । मन्दिरमा दैनिक पूजापाठ तथा नियमित धार्मिक अनुष्ठान सञ्चालन हुँदै आएका छन्, जसमा उल्लेख्य संख्यामा श्रद्धालु सहभागी हुने गरेका छन् ।

पूर्वी नेपालमै पहिलोपटक निर्माण भएको गायत्री माताको मन्दिर बिर्तामोड-५स्थित अग्रसेन भवन नजिक अवस्थित छ । यसअघि पूर्वमा गायत्री माताको मन्दिर नरहेकाले यहाँ दर्शनार्थीको आकर्षण बढ्दै गएको समितिको भनाइ छ ।

गत वर्ष जेठ २२ गते गायत्री जयन्तीको अवसरमा मन्दिरले विशेष कार्यक्रम आयोजना गरेको थियो । विभिन्न संघ-संस्थाका प्रतिनिधि, धार्मिक अगुवा, बटुक, स्काउट तथा भक्तजनको सहभागितामा बिर्तामोड नगर परिक्रमा गरिएको र्‍यालीपछि मन्दिर परिसरमा धार्मिक सभा आयोजना गरिएको थियो । अढाई करोड रुपैयाँको लागतमा मन्दिर निर्माण सम्पन्न भएपछि गायत्री जयन्तीसमेत पहिलोपटक औपचारिक रूपमा मनाइएको हो ।

२०८० साल जेठ १७ गतेदेखि निर्माण शुरु भएको मन्दिर २०८१ साल माघ २१ गते विधिपूर्वक प्राण प्रतिष्ठा गरी सञ्चालनमा आएको थियो । पाँच दिने विशेष अनुष्ठानसहित गरिएको प्राण प्रतिष्ठा कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले गरेका थिए । अनुष्ठानको उद्घाटन तत्कालीन प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले गरेका थिए भने जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजबाट विशेष प्रवचन दिइएको थियो ।

वैदिक सनातन हिन्दू धर्ममा गायत्री मातालाई वेद माता तथा जननीका रूपमा मानिन्छ । माता पार्वती, सरस्वती र लक्ष्मीको अवतारका रूपमा समेत गायत्री मातालाई स्वीकार गरिन्छ । ऋषि विश्वामित्रले तपस्याबाट प्राप्त गरेको गायत्री मन्त्र आज पनि विश्वभर जप गरिँदै आएको धार्मिक विश्वास छ । यही आस्थाका कारण मन्दिरमा दर्शन गर्ने भक्तजनको संख्या निरन्तर बढिरहेको व्यवस्थापन समितिले जनाएको छ ।

मन्दिर निर्माणपछि संरक्षक, व्यवस्थापन समिति र सल्लाहकार समिति गठन गरिएको छ । बिर्तामोड नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा नम्बर ५का वडाध्यक्ष, सुरक्षा निकायका प्रमुखलगायतलाई संरक्षक बनाइएको छ । विवेक अग्रवालको संयोजकत्वमा ३१ सदस्यीय व्यवस्थापन समिति गठन गरिएको छ, जसमा सुजित अग्रवाल सहसंयोजक, मनोज बजाज सचिव र राजेश अग्रवाल कोषाध्यक्ष रहेका छन् ।

त्यस्तै, धार्मिक, सामाजिक, व्यवसायिक तथा सञ्चार क्षेत्रका व्यक्तिहरू सम्मिलित ३१ सदस्यीय सल्लाहकार समिति पनि गठन गरिएको छ । व्यवस्थित पूजा प्रणाली, नियमित अनुष्ठान र बढ्दो श्रद्धालुको सहभागितासँगै गायत्री माताको मन्दिर पूर्वी नेपालकै महत्वपूर्ण धार्मिक गन्तव्यका रूपमा स्थापित हुँदै गएको स्थानीयवासीको विश्वास छ ।

## बाह्रदशी जेसीजको पद हस्तान्तरण



**झापा, माघ ५ ।** बाह्रदशी जेसीजको पद हस्तान्तरण सम्पन्न भएको छ ।

हालै सम्पन्न अधिवेशनबाट सदीक्षा खड्का अध्यक्षमा चयन भएकी थिइन् । अध्यक्षमा चयन भएलगत्तै वर्ष २०२५ अध्यक्ष तीर्थप्रसाद काफ्लेले वर्ष २०२६ की अध्यक्ष सदीक्षा खड्कालाई पद हस्तान्तरण गरेका हुन् ।

बाह्रदशी गाउँपालिका उपाध्यक्ष शान्तादेवी शिवाकोटी खरेलको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रमकाबीच पद हस्तान्तरण भएको थियो । बाह्रदशी जेसीजमा नवगठित कार्यसमितिको कार्यकारी उपाध्यक्षमा गोकुल घिमिरे र नवराज दाहाल चयन भएका छन् । महासचिवको जिम्मेवारी नवीनकुमार त्रितालमाई दिइएको छ भने कोषाध्यक्षमा राजु अधिकारी चयन भएका छन् ।

उपाध्यक्षहरूमा भूपेन्द्र दंगाल, मनोज खतिवडा, बिनोद फुँयाल र कृष्ण अधिकारी रहेका छन् । ग्लोबल लोकल कोअर्डिनेटर (जीएलसी)मा प्रकाश फुँयाल चयन भएका छन् ।

यसैगरी, प्रशिक्षण संयोजकमा विश्वास गौतम, सूचना तथा जनसम्पर्क अधिकृत (पीआरओ) मा गोपाल उप्रेती, सचिवमा अर्जुन महतारा चयन भएका छन् । स्वास्थ्य संयोजकमा सुनिता सापकोटा, सदस्य वृद्धि संयोजकमा सञ्जय शाह, थिम संयोजकमा पुष्पा भट्टराई, खेलकुद संयोजकमा गोपीनाथ देव शर्मा, शिक्षा संयोजकमा विमला सुवेदी चयन भएका छन् ।

त्यस्तै, महिला सशक्तीकरण संयोजकको जिम्मेवारी दमन्ता कार्कीलाई दिइएको छ भने आतिथ्य व्यवस्थापन संयोजकमा कुमार कटुवाल चयन भएका छन् । नवनिर्वाचित कार्यसमितिले संस्थालाई अझ सक्रिय, उत्तरदायी र समाजमुखी बनाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

योसँगै बाह्रदशी जेसीजले पत्रकार प्रितम धमलालाई सम्मान गरेको छ । जेसीज गतिविधिलाई सञ्चार माध्यमबाट प्रचारप्रसदमा उल्लेख्य योगदान पुऱ्याएको भन्दै पत्रकार धमलालाई सम्मान गरिएको थियो । उनलाई कार्यक्रमकी प्रमुख अतिथि गाउँपालिका उपाध्यक्ष खरेलले सम्मानपत्र प्रदान गरेकी थिइन् ।

## आजको राशिफल





ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, आज तपाईंको समय उत्तमसिद्धि रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** प्रियजनसँग भेट हुने समय रहेको छ, विशेष उपहार प्राप्त हुनेछ, तर भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ, धैर्य गर्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन शुखी रहने योग भएको हुनाले उत्साह बढ्ने छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** व्यवसायमा राम्रो फाइदा हुने दिन रहेको छ, समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, अचानक खर्च बढाउन सक्ने स्थिति छ, सचेत रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग परेको हुनाले मन प्रफुल्ल रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** बोलिको भरमा विशेष काम फत्ते हुने समय छ, बोलिमा विचार पुर्‍याउनुहोला, स्वास्थ्यमा समस्या देखिन सक्छ, ध्यान दिनुहोला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको रमाइलो यात्रा हुनाले मन हर्षित रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** माइती तथा मावली पक्षबाट शुभ समाचारको आउने योग रहेको छ, अधिक खर्च हुने समय छ, खर्च गर्दा ध्यान पुर्‍याउनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** समय अनुकुल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछन्, प्रशंसकहरू बढ्नेछन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य बिग्रने योग रहेको छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय आएको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** आजको दिन समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आउने छ, परिवारजनमा विशेष भेटघाट हुनेछ ।

### मिति २०८२/१०/०५ सोमवारको सुनचाँदी मूल्य

छापावाला सुन प्रति तोला रु. २,७७,७००।-

चाँदी प्रति तोला रु. ५,६६०।-

# धान उत्पादनमा ४% ले कमी



**झापा, माघ ५।** कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले यस वर्ष धान उत्पादनमा गत वर्षको तुलनामा दुई लाख ५० हजार तीन सय ५० मेट्रिकटनले कमी हुने प्रक्षेपण गरेको छ।

देशभर धान बाली लगाइएको क्षेत्रफल र उत्पादकत्व दुबै घटेका कारण यस वर्ष कुल ५७ लाख पाँच हजार एक सय २६ मेट्रिकटन मात्र धान उत्पादन हुने देखिएको छ। गत वर्ष ५९ लाख ५५ हजार चार सय ७६ मेट्रिकटन उत्पादन भएकोमा यस पटक ४.२० प्रतिशतले ह्रास आएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिएका छन्।

मन्त्रालयको तथ्याङ्क अनुसार धान बाली भित्र्याइएको क्षेत्रफलमा पनि उल्लेख्य गिरावट आएको छ। आर्थिक वर्ष २०८१/०८२ मा १४ लाख २० हजार छ सय ३६ हेक्टरमा धान खेती गरिएकोमा चालू आर्थिक वर्षमा ३.८ प्रतिशतले घटेर १३ लाख ७६ हजार आठ सय ७२ हेक्टर कायम भएको छ।

युवा पलायन, बढ्दो बसाइसराइ, खेतीयोग्य जमिनको प्लटिङ तथा औद्योगिक र भौतिक पूर्वाधार निर्माणमा जमिनको प्रयोग बढ्नाले धान खेतीको क्षेत्रफल घटेको हो। यस बाहेक फलफूल र नगदे बालीतर्फ कृषकको आकर्षण बढ्नुलाई पनि क्षेत्रफल घट्नुको अर्को कारण मानिएको छ।

विशेषगरी मधेस प्रदेशमा धान लगाउने मुख्य समयमा परेको खडेरीले उत्पादनमा ठूलो असर पारेको छ। खडेरीका कारण लक्ष्य अनुसारको क्षेत्रफलमा धान रोप्न नसकिएको र त्यसले समग्र राष्ट्रिय उत्पादनमै प्रभाव पारेको मन्त्रालयले जनाएको छ। चालू आर्थिक वर्षमा उन्नत बीऊ र मलखादको उपलब्धता पर्याप्त भए पनि प्रतिकूल मौसमका कारण उत्पादकत्वमा गिरावट आएको सूचना अधिकारी जोशीले स्पष्ट पारेका छन्।

# सात अर्ब १९ करोडको अलैंची निर्यात

**काँकरभिट्टा, माघ ५।** पूर्वीनाका काँकरभिट्टाबाट चालू आर्थिक वर्ष २०८२/०८३ को अर्धवार्षिक अवधिमा अलैंची, छुर्पी लगायतका वस्तुको निर्यात उत्साहजनक रुपमा वृद्धि भएको छ।

साउनदेखि पुस मसान्तसम्मको छ महिनामा रु. सात अर्ब १९ करोड ९५ लाख चार हजार मूल्य बराबरको ३४ लाख ६१ हजार तीन सय ५० केजी अलैंची निर्यात भएको मेची भन्सार कार्यालयले जनाएको छ। गत आव २०८१/०८२ को सोही अवधिको तुलनामा चालू आवमा अलैंचीको निर्यात ५८ प्रतिशतले वृद्धि भएको कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाँईले बताए।

गत आवको साउनदेखि पुससम्ममा रु. चार अर्ब ५५ करोड ७० लाख ६९ हजार मूल्य बराबरको अलैंची पूर्वीनाकाबाट निर्यात भएको थियो। कुकुर र बिरालोको खानाको रुपमा तेस्रो मुलुक निर्यात हुँदै आएको छुर्पीको निर्यात चालू आवको अर्धवार्षिक अवधिमा गत आवको सोही अवधिको तुलनामा ६६ दशमलव दुई प्रतिशतले वृद्धि भएको छ। चालू आवको छ महिनामा रु.७६ करोड पाँच लाख तीन हजार मूल्य बराबरको चार लाख ३२ हजार चार सय पाँच केजी छुर्पी निर्यात भएको छ। गत आवको सोही अवधिमा रु. ४५ करोड ७६ लाख ३४ हजार मूल्य बराबरको दुई लाख ६६ हजार दुई सय ४३ केजी छुर्पी निर्यात भएको भन्सारले जनाएको छ।

भेनियर सिट र मुसुरो दालको निर्यात समेत उच्च रहेको छ। चिया र प्लाइउडको निर्यात प्रगति भने गत आवको तुलनामा ऋणात्मक रहेको छ। चालू आव २०८२/०८३ को छ महिनामा रु. ५३ करोड चार लाख ९६ हजारको भेनियर सिट र रु. नौ करोड १२ लाख ८७ हजार मूल्यको मुसुरो दाल निर्यात भएको छ।

गत आवको तुलनामा मुसुरो दाल चार सय ८१ प्रतिशतले र भेनियर सिट एक सय नौ प्रतिशतले निर्यातमा वृद्धि भएको छ। अर्धवार्षिक अवधिमा चियाको निर्यातमा २६ दशमलव चार प्रतिशतले र प्लाइउडको निर्यातमा ४४ दशमलव पाँच प्रतिशतले गिरावट आएको मेची भन्सारले जनाएको छ।

चालू आवको छ महिनामा रु. दुई अर्ब १७ करोड ८७ लाख पाँच हजार मूल्य बराबरको चिया र रु. एक अर्ब नौ करोड ७४ लाख तीन हजार मूल्य बराबरको प्लाइउड निर्यात भएको छ। गत आवको सोही अवधिमा रु. दुई अर्ब ९५ करोड ९० लाख ३७ हजार मूल्य बराबरको चिया र रु. एक अर्ब ९७ करोड ७६ लाख ४६ हजार मूल्य बराबरको प्लाइउड निर्यात भएको थियो।

त्यसैगरी चालू आव २०८२/०८३ को पुससम्मको अर्धवार्षिक अवधिमा रु.३३ करोड ८९ लाख तीन हजार मूल्य बराबरको अम्लिसो, रु. ५० करोड १७ लाख ३२ हजार मूल्य बराबरको अदुवा र सुठो, रु. ११ करोड ३१ लाख ९१ हजार मूल्य बराबरको काउली, बन्दाकोभी र ब्रोकाउली र रु. पाँच करोड ७४ लाख २७ हजार मूल्य बराबरको जडीबुटी निर्यात भएको भन्सारका सूचना अधिकारी हुमागाँईले जानकारी दिए।

# पुस्तक व्यवसायीको महाधिवेशन माघ २३ र २४

**झापा, माघ ५।** नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघको केन्द्रीय समितिको १०औं पूर्ण भर्चुअल बैठकले महासंघको आठौं राष्ट्रिय महाधिवेशन आगामी माघ २३ र २४ गते काठमाडौंमा आयोजना गर्ने निर्णय गरेको छ।

महासंघका अध्यक्ष शिवसागर शर्माको अध्यक्षतामा बसेको बैठकले देशको वर्तमान राजनीतिक घटनाक्रम र आम निर्वाचनका कारण तयारीका लागि थप समय आवश्यक भएकाले यसअघि तय गरिएको माघ १६-१७ को मिति सारेर नयाँ मिति तोकिएको जनाएको छ।

महासंघको १४औं पदाधिकारी बैठकबाट पूर्व निर्धारित मितिमा महाधिवेशन सम्पन्न गर्न नसकिने अवस्था आएपछि सो निर्णय गरिएको महासंघले परिपत्र मार्फत जानकारी गराएको हो। महाधिवेशनलाई भव्य, सभ्य र सफल रूपमा सम्पन्न गर्न यसअघि नै गठन गरिएको मूल व्यवस्थापन समिति तथा विभिन्न उपसमितिका संयोजकहरूलाई तोकिएको जिम्मेवारी समयमै सम्पन्न गर्न महासंघले निर्देशन दिएको छ।

त्यसैगरी, सम्पूर्ण प्रदेश समितिहरूलाई आ-आफ्नो प्रदेश तथा मातहतका जिल्ला समितिबाट चयन भएका महाधिवेशन प्रतिनिधि र पर्यवेक्षकहरूको नामावली, फोटोसहित माघ १२ गतेभित्र महासंघको आधिकारिक इमेल वा ह्वाट्सएप मार्फत पठाउन आग्रह गरिएको छ।

महासंघले १८औं वार्षिक साधारणसभा तथा आठौं राष्ट्रिय महाधिवेशनका अवसरमा प्रस्तुत गरिने महासचिवको सांगठनिक प्रतिवेदनका लागि आवश्यक सामग्री पनि समयमै उपलब्ध गराउन निर्देशन दिएको छ। प्रदेश तथा जिल्ला समितिहरूले नयाँ कार्यसमितिको विवरण, महत्वपूर्ण गतिविधिहरू, खोजमूलक तथा सन्देशमूलक लेख-रचना र फोटोहरू माघ ७ गतेभित्र पठाउनुपर्ने जनाइएको छ।

महासंघले स्पष्ट रूपमा लेख तथा सामग्रीहरू प्रिति फन्टमा टाइप गरिएको वर्ड फाइलमा मात्र स्वीकार गरिने र हातले लेखिएका वा फोटो खिचेर पठाइएका सामग्रीलाई मान्यता नदिइने जनाएको छ। तोकिएको समयसीमाभित्र नआएका सामग्री महासचिवको प्रतिवेदनमा समावेश नगरिने पनि सूचित गरिएको छ।

महासंघका महासचिव विष्णुप्रसाद पौडेलले जारी गरेको परिपत्र मार्फत सबै प्रदेश तथा जिल्ला समितिहरूलाई संगठनात्मक जिम्मेवारी समयमै पूरा गर्न आग्रह गर्दै महाधिवेशनलाई सफल बनाउने सामुहिक प्रयासको आवश्यकता औंल्याएका छन्।

# माटोबाट मूर्ति बनाउने परम्परागत पेशा संकटमा

**भद्रपुर, माघ ५।** माटोसँग खेल्दै जीवन जिउने सपना बोकेका कलाकार बिष्णु राजवंशीका हातले बनेका देवी-देवताका मूर्ति कुनै समय मेचीदेखि महाकालीसम्म पुग्थे। आज त्यही मूर्तिकला उनको परिवारको पहिचान मात्र होइन, अस्तित्व जोगाउने सङ्घर्ष बनेको छ।

भद्रपुर-६ मोतियाबारी माता मन्दिर छेउमा विगत तीन दशकयता माटोका मूर्ति बनाएर जीवन धान्दै आएका राजवंशी दोस्रो पुस्ताका मूर्तिकार हुन्। पिताबाट आर्जेको सीपलाई पेसामा रूपान्तरण गर्दै उनले दुई सन्तानको शिक्षादिक्षा र चार जनाको परिवार यही मूर्तिकलामा नै निर्भर हुँदै आएको छ। तर, पछिल्लो समय उनको यो परम्परागत पेसा आर्थिक सङ्कटमा पर्दै गएको छ।

राजवंशीका अनुसार लगनशिलता र मेहनतमा कुनै कमी छैन, तर बजारमा बढ्दै गएको अतिक्रमणले उनको उत्पादन बिक्न छाडेको छ। 'अभिषेक मूर्ति उद्योग' नाममा कानूनी रूपमा सञ्चालनमा रहेको उनको उद्योग भारतीय बजारबाट अवैधरूपमा भित्रिने सस्ता मूर्तिका कारण व्यवसायमा गम्भीर असरमा परेको छ।

'अवैध रूपमा भारतबाट आउने मूर्ति नरोकिने हो भने हामी जस्ता स्वदेशी माटोमा पसिना बगाएर खाने कलाकार भोकै मर्नुपर्ने दिन टाढा छैन' -उनी पीडा पोख्छन्। कुनै समय चर्चित रहेको उनको उद्योगले नेपालभर पहिचान बनाएको थियो। अहिले ती दिन सम्झिँदा आफ्नै व्यवसाय बनावटी कथा जस्तै लाग्न थालेको राजवंशी बताउँछन्। हिन्दू संस्कृतिका दशैं, तिहार, छठ, सरस्वती पूजा, विश्वकर्म पूजा, देवी पूजा लगायत पर्वका लागि आवश्यकपर्ने मूर्ति निर्माणमा उनी सक्रिय छन्। साथै आदिवासी जनजातिको मौलिक संस्कार र संस्कृतिको झलक दिने विभिन्न प्रकारका मूर्ति बनाउँदै आएका छन्।



भगवान शिव, पार्वती, काली, सरस्वती, विश्वकर्मा, लक्ष्मी, भगवती लगायत जुनसुकै देवीदेवताका मूर्ति माटो र सिमेन्ट दुबै माध्यमबाट बनाउन सक्ने सीप उनीसँग छ। तर 'भारतमा सस्तो मूर्ति पाइन्छ' भन्ने हल्लाले ग्राहक सीमापारी जाने वा भारतीय व्यापारी गाउँ-गाउँमै पुगेर मूर्ति बेच्न थालेपछि समस्या थपिएको राजवंशी बताउँछन्।

उनका अनुसार भारतीय बजारभन्दा आफ्ना मूर्ति सस्ता हुँदाहुँदै पनि प्रचारप्रसारको अभावले ग्राहकले थाहा नपाउने अवस्था बनेको छ। मूर्तिको व्यवसायबाट नै घरपरिवार चलाउँदै आएका राजवंशी सामाजिक सेवामा समेत सक्रिय छन्। उनी स्वदेशी श्रम र सीपको सम्मान गर्ने सामाजिक अगुवा समेत हुन्।

भ्रष्टाचार समाज विचलनको मुख्य कारण भएको ठहर गर्दै राजवंशीले भद्रपुर नगरलाई 'भ्रष्टाचार शून्य नगर' बनाउने अभियान समेत चलाइरहेका छन्। सघन सहरी विकास कार्यक्रम अन्तर्गत भइरहेका सडक विस्तार र स्तरिकरणका काम कमिशनका कारण गुणस्तरहीन भएको भन्दै आवाज उठाइरहने राजवंशी सामान्य लेखपढ भए पनि सचेत नागरिकका रूपमा परिचित छन्।

युवापुस्तालाई स्वदेशमै श्रम र सीपको महत्व बुझाउनुपर्ने उनको जोड छ। लोकतन्त्रमा इमानदार र सक्षम शासक आवश्यक रहेको बताउने राजवंशी पैसा र पहुँचका आधारमा राज्य सञ्चालन भइरहेसम्म गणतन्त्र सर्वहारा वर्गको पहुँचमा नआउने उनको बुझाइ छ।

चार जनाको परिवार पाल्दै समाजमा केही देन दिन सफल भएको अनुभव सुनाउने राजवंशी आफ्नो सीप अरूलाई पनि सिकाउन तयार छन्। तर, मूर्तिकला सिक्न कोही नआएकोमा उनी चिन्तित देखिन्छन्। पछिल्लो समय ग्राहक अभावका कारण पेसा नै सङ्कटमा परेको उनको गुनासो छ।

माटोलाई माया गर्ने बिष्णु राजवंशी आज पनि भद्रपुरको आदिवासी क्षेत्र महेशपुरमा मूर्तिसँगै रमाइरहेका छन्। तर, अवैध आयात, राज्यको उपेक्षा र संरक्षणको अभावले उनको कला मात्रै होइन, पुस्तौंदेखि चलेको परम्परा नै हराउने खतरा बढ्दै गएको छ। उनी भन्छन्- 'यदि स्वदेशी कला र श्रमको संरक्षण भएन भने माटोसँग जोडिएको हाम्रो पहिचान इतिहासमै सीमित हुनेछ।'


**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महानुभावले पनि तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क : सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४५००३

**SUNMAI SPRING**
'थोपा-थोपामा जीवन छ'
HACCP ISO 9001:2015 स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**सस्तो मूल्यमा सिपमूलक तालिम**
प्लम्बर, इलेक्ट्रीसीयन, मेन, स्काफहोल्डर, स्टील फिक्चर लगायत कन्ट्रक्सन सम्बन्धी सम्पूर्ण ट्रेनिङ्गहरु गराइन्छ।
नोटः टाढाबाट आउनेलाई खान/बस्नको सुविधा दिइने छ।
सम्पर्क : ९७०४०६६८४४

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टर **जितेन्द्रकुमार मण्डल**द्वारा **माघ २ र ३** आउँदै हुनुहुन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
मो. ९८१८७९३९८६, ९८५२६८८९८६

**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क : एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००, ९८१६०४९८००

**शुद्ध दूधको स्वस्थ उत्पादन**
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी, कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।**
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**DRISHTI Eye Care System**
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**अब बिर्तामोडमा**
डा. पितामबर ठाकुर
MBBS. MD(TU) NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771, (+977) 023-590008
THAKUR POLYCLINIC, Birtamode-1, Jhapa, Nepal, Opposite of Paschim Bus Stand

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**UNited International Group**
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No .309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क : युनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

**UPVC झ्याल ढोका**
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस्।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क : बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

**सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

**इलाम पाथीभरा काइरोप्रक्याटिक स्टीम मसाज थेपारी**
गरुवा बस स्टेण्ड पश्चिम शनिश्चरे रोड बिर्तामोडमा
यहाँ नशा च्यापिएका, ढाड-कम्मर दुखेका, हड्डी खिएका बिरामीका लागि काइरोप्रक्याटिक (ढाड-कम्मर पड्काउने) विधिबाट थेरापी माध्यमबाट सहज उपचार गरिन्छ। मसाज सम्बन्धीका सम्पूर्ण कार्यहरु अनुभवी प्रशिक्षकद्वारा सहज उपचार गरिन्छ।
सम्पर्क : ९८६०४५५१०८, ९८६२७६६५९९
नोटः डा. बि. पी. तिम्सिनाद्वारा तयार गरिएका ग्याष्ट्रिक, अल्सर, पायल्स, दम, खोकी, नशा च्यापिएका बिरामीका लागि अनुभवी बैद्यबाट परामर्श गराइ औषधि उपलब्ध गराइन्छ।

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)